# ECHO OF HIS CALL

# बोलावटको प्रतिध्वनि

NEPALI

ECHO OF HIS CALL 1969-2019 GOLDEN JUBILEE

REACHING NATIONS

*India's National Spiritual Newspaper*

₹ 10/-

Published monthly in ENGLISH, TAMIL, MALAYALAM, TELUGU, HINDI, KANNADA, MARATHI, BENGALI, GUJARATI, ODIYA, ASSAMESE, PUNJABI, NEPALI, URDU, SINHALA & AFRIKAN

Editor : S. SAM SELVA RAJ

16 Languages

Associate Editors : Bro. BHUVAN DEVKODA
Bro. RAJ KUMAR BHANDARI

Vol. XXIV YEAR OF OUR LORD JESUS CHRIST, 2024 JUNE No. 06


## पवित्र बाइबल

**कृपया यो खण्ड कण्ठ गर्नुहोस् ।**

**परमप्रभुको प्रशंसा**

**हितोपदेश २१:१-१०**

१. राजाको हृदय परमप्रभुको हातमा हुन्छ, खोलाको पानीझैं जता मन लाग्यो उतै उहाँले फर्काउनुहुन्छ ।

२. मानिसको हरेक बाटो आफूलाई ठीकै लाग्ला तर हृदय जाँच्ने परमप्रभु नै हुनुहुन्छ ।

३. जे ठीक र न्यायसङ्गत छ त्यही गर्नु परमप्रभुलाई बलिदान चढाउनुभन्दा बढी ग्रहणयोग्य हुन्छ ।

४. घमण्डी आँखा र अहङ्कारी हृदय, दुष्टका दियो यिनै हुन्, जो पाप हो !

५. लगनशीलको योजनाहरूले लाभ गराउनेतर्फ उन्मुख गराउँछ, त्यसरी नै हतार गर्नाले हरिद्रतामा पुगिन्छ ।

६. झुटो जिब्रोले आफ्नो भाग्य सुधार्नचाहिँ उडिजाने कुइरो र घातक पासो हो ।

७. दुष्टको उपद्रवले नै तिनीहरूलाई घिच्याएर लैजान्छ किनभने जे ठीक हो सो गर्न तिनीहरूले अस्वीकार गर्छन् ।

८. दोषीको बाटो कुटिल हुन्छ तर निर्दोषको चालचलन ईमानदार हुन्छ ।

९. कचकचे पत्नीसँग एउटै घरमा बस्नुभन्दा त कौसीको एक कुनामा बस्नु बेस ।

१०. दुष्ट मानिसले खराबीको लालसा गर्छ, त्यसको छिमेकीले त्यसबाट दया पाउँदैन ।

# परमप्रभुलाई यो आवश्यक छ ! THE LORD NEEDS YOU!


**सम्माननीय प्रधान सम्पादक, रेभ. एन्जलीन सेल्भाकुमारी**


मेरा **बोलावटको प्रतिध्वनिको** वृद्धि भएको परिवारका सदस्यहरूमा अभिवादन !



हामीले यति चाँडै २०२४ को आधा समय पहिले नै पूरा गरिरहेका छौं भनेर म विश्वास गर्न सक्दिनँ । समय यति छिटो उडेर जान्छ । त्यसकारण, हाम्रो समय बुद्धिमानीपूर्वक प्रयोग गर्न बाइबलले हामीलाई सिकाउँछ भनेर म सोच्छु । **समयको पूरा सदुपयोग गर** (एफिसी ५:१६) । येशू ख्रीष्टलेभन्दा अरू कसैले पनि समयलाई राम्ररी जानेको छैन । कहिले यसलाई गुप्त रूपमा राख्ने र संसारमा आउन लागेको उहाँको उद्देश्य कहिले घोषणा गर्ने हो भनेर उहाँलाई थाहा थियो ।

मर्कूस ११ अध्यायमा यरूशलेममा येशू ख्रीष्टको प्रवेश महत्वपूर्ण घटना हो । त्योभन्दा अघि, येशू ख्रीष्टलाई उहाँ मसीह हुनुहुन्छ भनेर सार्वजनिक रूपमा स्वीकार गरिएको थिएन । तर जब उहाँ गधामाथि चढ्नुभयो र यरूशलेममा प्रवेश गर्नुभयो, जकरिया ९:९ को अगमवाणी पूरा गर्दै उहाँले आफैंलाई मसीहको रूपमा सार्वजनिक रूपमा घोषणा गर्नुभयो ।


**बोलावटको प्रतिध्वनि- यूट्यूब च्यानल**



## यूट्यूब ख्रीष्टियान च्यानल

तपाईंले पा. एस. साम सेल्भाराजसँग प्रार्थना गर्ने अवसर पाउनुहुनेछ ।

**५ मिनेटको सन्देश**

**अंग्रेजी र हिन्दी, तामिल र तेलगू**

**हरेक दिन: बिहान २ बजे देखि**

**तामिल आइतवार सेवा: बिहान ८:३० बजे**

बोलावटको प्रतिध्वनि सन् १९६९-२०१९ स्वर्णजयन्ती वर्ष



# तपाईंको प्रिय भाइबाट....

REACHING NATIONS



**परमप्रभुको महिमा सदा भइरहोस्, परमप्रभु आफ्ना कार्यहरूमा प्रसन्न होऊन्**
**(भजनसंग्रह १०४:३१)।**

**हाम्रो मिसन नीति**

हामीले प्राचीन र प्रेरित पावलको समयको सम्झौता नगरिएको शिक्षा आधुनिक पुस्तालाई व्याख्या गर्नुपर्ने र शिक्षा दिनुपर्छ । यो आवश्यकताको घडी हो ।

ख्रीष्टमा प्रिय मित्रहरू !

हाम्रो प्रभु र मुक्तिदाता येशू ख्रीष्टको अचम्मको नाउँमा हामी तपाईंलाई अभिवादन गर्दछौं ।

तपाईंलाई थाहै छ, हामी चेपकाउ (तामिल भाषामा), सान्थोसापूरम (तामिल भाषामा) र भेलाचेरी (हिन्दी भाषा, आवासीय) मा बाहिर निस्कने विद्यार्थीहरूका निम्ति १ जून २०२४ मा दीक्षान्त समारोहपछि ३ जून २०२४ मा हाम्रो **नहेम्याह बाइबल कलेज** सुरु गर्नमा हामी व्यस्त छौं । बाहिर निस्कने विद्यार्थीहरूले विभिन्न स्थानहरूमा नयाँ मिसनका कार्यहरू सुरु गर्नेछन्, जहाँ मण्डली छैन । यसको निम्ति प्रार्थना गरिदिनुहोस् ।

हाम्रो हिन्दी माध्यमको **नहेम्याह बाइबल कलेजको** निम्ति एम.डिभ. वा एम.टिएच. को योग्यता भएको प्राध्यापकहरूको आवश्यकता हामीलाई रहेको छ । साथै, हाम्रो हिन्दी माध्यमको **नहेम्याह बाइबल कलेजको** लागि धेरै विद्यार्थीहरूको आवश्यकता हामीलाई रहेको छ ।

यसका अतिरिक्त, हाम्रो अंग्रेजी माध्यमको ख्रीष्टियान स्कुल, **सेन्ट पावलस् मेट्रिकुलेसन स्कुलको** लागि पर्याप्त विद्यार्थीहरू प्राप्त गर्नको लागि प्रार्थना गरिदिनुहोस् । सुसमाचार नपुगेका क्षेत्रहरू मण्डली स्थापना गर्न र असल आत्मिक अगुवाहरू निर्माण गर्न हामी प्रयासरत छौं । हामीलाई तपाईंको प्रार्थनाको सहायताको खाँचो छ ।

ढिलै भए पनि परमप्रभुको काम सुधार भइरहेको छ, हामीले पनि केही प्रकारका आत्मिक लडाइँको सामना गरिरहेका छौं । हाम्रा अधिकांश कर्मचारीहरू वा उहाँका परिवारका सदस्यहरूलाई गम्भीर रोगहरूले आक्रमण गरिरहेको छ र त्यसकारण, उहाँहरूको सेवकाइमा केन्द्रित हुन उहाँहरूले कठिन भएको पाइरहनुभएको छ ।

कृपया तपाईंका प्रार्थना र स्वेच्छा भेटीहरूले हामीलाई सहायता गर्नुहोस् । रकमको कमीको कारणले गर्दा हामीले हाम्रा फिल्डका कर्मचारीहरूलाई हाम्रो सहायता र तलब पठाउन असक्षम भइरहेका थियौं । हाम्रा सम्पूर्ण आवश्यकताहरूका निम्ति हाम्रा प्रभु येशू ख्रीष्टको आँखातिर हामी इमानदारपूर्वक हेर्दछौं ।

हामी तपाईंको निम्ति प्रार्थना गर्दछौं ।

ख्रीष्ट येशूमा तपाईंका सेवकहरू,

*पा. एलेक्स सामसन साम*
*पा. एस. साम सेल्भाराज*

(+91) 98412 71858 / 98410 71858, E.mail : sam@echoofhiscall.org

**HON. EDITOR-IN-CHIEF**
Rev. Angeline S. Kumari, M.A., M.Sc., M.Ed.
**HON. MANAGING EDITOR**
Pastor Alex Samson Sam, B.Th., M.Div.
**GENERAL MANAGER**
Bro. N. Prakasam, M.A., M.Sc.(C&P), PGDHRM., MBA.
**ADMINISTRATION**
Sis. Jesy Veena Sam
Adv. K. Puratchivendan, M.Com., C.A., B.L.
Dr. P.E.R. Premchand, M.Sc., M.A., M.Ed., Ph.D.
Dr. C.G.S. Baburao, B.Tech., M.Tech. (DM), Ph.D.
Dr. Rabinder Boaz, M.S. (CMC)
**EDITORIAL BOARD**
Dr. Serena Bevin, M.A., M.Phil., B.Ed.
Sis. Sajini Cherian
Sis. L. Mariya Anjalin, M.A., M.Sc., B.Ed.
Rev. Dr. K.R. Rajasekaran
**EDITOR, PUBLISHER & PRINTER**
Pastor S. SAM SELVA RAJ
Echo of His Call Printers
10, Mohammed Abdullah 2nd Street,
Chepauk, Chennai- 600 005, India.
Phone : (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766
Cell : (+91) 98410 71852, 98412 71858 95661 31858
**E.MAIL**
sam@echoofhiscall.org
biblecor@yahoo.co.in
**WEBSITES**
www.echoofhiscall.org
www.stpaulsmatriculation.com
**YOUTUBE CHANNEL**
Echo of His Call

**तिनीहरूले बछेडो येशूकहाँ ल्याए र आफ्ना वस्त्रहरू त्यसमाथि राखिदिए र उहाँ त्यसमाथि सवार हुनुभयो । धेरैले आफ्ना वस्त्रहरू र अरूहरूले मैदानबाट स्याउलाहरू काटेर बाटोमा ओछ्याए** (मर्कूस ११:७-८) ।



*Hosanna in the highest!*

Our Ministries: ECHO OF HIS CALL Monthly Magazines (16 languages) BIBLECOR - Postal Courses (3 languages) YouTube Ministry Online Courses Theological Correspondence Courses (2 languages) Church Planting Nehemiah Bible Colleges Gospel Printing Press Great Commission Partners St. Paul's Matriculation School Crusades Community Development

## विनम्र अनुरोधः बोलावटको प्रतिध्वनिका पाठकहरूलाई

हाम्रो ५ मिनेट बोलावटको प्रतिध्वनि यूट्यूब सन्देशहरू (हरेक दिन) तामिल, तेलगू, अंग्रेजी र हिन्दी भाषामा बिहान २ बजेदेखि प्रशारण भइरहेका छन् । सन्देशहरू हेरेर तपाईले परमेश्वरको अनुग्रह प्राप्त गर्न सक्नुहुन्छ ।
साथै, तपाईंको मोबाइल फोनहरूमा मेरो मोबाइल नम्बरहरू (९१) ९८४१० ७१८५८, (९१) ९८४१२ ७१८५८ (व्यक्तिगत) सेभ गर्नुहोस् ।

**पा. एस. साम सेल्भाराज**

उहाँलाई के हुन लागिरहेको थियो भनेर येशू ख्रीष्टलाई स्पष्ट थाहा थियो, तापनि उहाँले यो यात्रा गर्नुभयो किनकि त्यो सही समय थियो भनेर उहाँलाई थाहा थियो । मानिसहरू खुसी भइरहेका, गीत गाइरहेका र प्रशंसा गरिएको सुनिरहे पनि केही दिनमा नै उहाँलाई अपमान गरिनेछ, कोर्रा लगाइनेछ, थुकिनेछ, पिटिनेछ र क्रूसमा टाँगिनेछ भनेर येशू ख्रीष्टलाई थाहा थियो । किनभने क्रूसमा उहाँको मृत्युले आउन लागेको पुस्ताहरूका निम्ति आशिष् ल्याउनेछ भनेर उहाँलाई थाहा थियो । उहाँको तोडाइले सारा मानव जातिमाथि उद्धार ल्याउनेछ ।

मर्कूस ११ अध्यायलाई पढ्दै गर्दा तीन वटा वाक्यांशहरूले मेरो ध्यान तानेको थियो:

उहाँले तिनीहरूलाई भन्नुभयो, **"तिमीहरूका सामुन्नेको गाउँमा जाओ र**



*Disciples found a colt tied!*

**पस्दापस्दै तिमीहरूले अहिलेसम्म कोही मानिस नचढेको एउटा गधाको बछेडो भेट्टाउनेछौ । त्यसलाई फुकाएर यहाँ ल्याओ"** (मर्कूस ११:२) ।

**१. भेट्टाउँछौ !**

**२. फुकाउँछौ !**

**३. ल्याउँछौ !**

### १. भेट्टाउँछौ !

येशू ख्रीष्टले आफ्ना दुई जना चेलाहरूलाई गधा हेर्न पठाउनुभयो । गधा शान्तिको चिन्ह हो, तर मिश्रबाट सोलोमनले परिचय गराएका घोडाहरू लडाइँका चिन्ह हुन् । गधा नम्रताको पनि चिन्ह हो, जसले गहौं बोझ बोक्दछ । यो धेरै आकर्षक हुँदैन तर यहूदीहरूले आफ्नो खेत र मिलहरूमा अत्याधिक प्रयोग गर्थे ।

गधालाई खोज्न जानु चेलाहरूलाई येशू ख्रीष्टको आज्ञा थियो ।

परमेश्वर अझै पनि गधाहरू (तपाईं र म) खोज्ने व्यापारमा हुनुहुन्छ । उहाँलाई, उहाँको वचन र उद्देश्यलाई बोक्न सक्ने कसैलाई उहाँले अझै पनि खोजिरहनुभएको छ । समय भएको, चाहना भएको र स्वामीले प्रयोग गरिनको लागि उपलब्धता भएको कोही व्यक्तिलाई उहाँले अत्याधिक खोजी गरिरहनुभएको छ । उहाँ व्यस्त मावन स्रोत व्यवस्थापक हुनुहुन्छ ।

तर जब चेलाहरू गधा खोज्न गए, तिनीहरूले गधालाई भेट्टाए:

ढोकामा बाँधिएको

जहाँ दुई बाटो जोडिन्छन् (दोबाटोमा)

सन् २०२४ मा जिउने हामी व्यस्ततामा बाँधिएका छौं- तपाईं किन बाइबल अध्ययनमा आउनुभएको थिएन ? "म काममा अत्यन्तै व्यस्त थिएँ, पास्टर ।" मैले तपाईंलाई गत हप्ता मण्डलीमा देखिनँ त । "मलाई क्षमा गर्नुहोस्, पास्टर, म आफ्नो व्यक्तिगत काम वा पारिवारिक समर्पणतामा बाँधिएको थिएँ ।" तपाईं किन आराधनाको अभ्यासमा आउनुभएको थिएन ? "माफ गर्नुहोस्, म आफ्नो कोर्सको काममा बाँधिएको थिएँ ।" कृपया मलाई गलत रूपमा नलिनुहोस्, यी सबै महत्वपूर्ण छन् । तर हामीले के बुझ्नु जरुरी छ कि शैतानले हामीलाई काम, परिवार, सम्बन्ध, शिक्षा र पैसा कमाउने कुरासँग बाँधेर हामीलाई कसरी व्यस्त बनाइराखेको छ ।

मानिसहरूले सोच्छन्, जति धेरै तिनहरूले कमाउँछन्, त्यति धेरै तिनीहरूले बचाउन सक्छन् । होइन, त्यो व्यर्थको कुरा हो, जति धेरै पैसा हामीले कमाउँछौं, त्यति धेरै खर्च हुन्छ । कहिलेकाहीँ मानिसहरूले सामान किन्छन् र लामो समयसम्म त्यसको ऋण तिर्छन्, यति धेरै समय कि तिनीहरूले किनेका थोकमा आनन्द गर्न तिनीहरूसँग समय हुँदैन ।

परमेश्वर त्यस्ता मानिसहरू खोज्ने प्रक्रियामा व्यग्रता साथ लागिरहनुभएको छ, जसले उहाँलाई बोक्न सक्छ तर उहाँले सबै मानिसहरू ढोकामा बाँधिएको देख्नुहुन्छ- कामको ढोका, घर निर्माण गर्ने ढोका, आफ्नै साम्राज्य निर्माण गरिरहेका, आफ्ना सीमाहरू वृद्धि गर्दै ।

व्यस्तताको अर्थ के हो भनेर तपाईंलाई थाहा छ ? शैतानको जुवामुनि रहनु । त्यसले हामीलाई निरन्तर व्यस्त बनाइरहन्छ ताकि हामीसँग प्रार्थना गर्ने, बाइबल पढ्ने, उपवास बस्ने, मनन गर्ने, संगति गर्ने र मण्डली जाने समय नभएको होस् ।

शैतानको

जुवामुनि

रहनु

**हे सबै थाकेका र बोझले दबिएका हो, मकहाँ आओ, म तिमीहरूलाई विश्राम**



**Jesus Christ cares for you!**

**दिनेछु । मेरो जुवा आफूमाथि लेओ र मसँग सिक किनभने म विनम्र र कोमल हृदयको छु अनि तिमीहरूले आफ्ना आत्मामा विश्राम पाउनेछौ । किनकि मेरो जुवा सजिलो र मेरो भारी हलुको छ** (मत्ती ११:२८-३०) ।


हामी मुक्तिदाताको जुवामुनि छैनौं भने हामी शैतानको जुवामुनि हुनेछौं । जब हामी शैतानको जुवामुनि हुन्छौं, हामीसँग आफ्नो परिवार, परमेश्वरसँग हाम्रो व्यक्तिगत सम्बन्ध, हाम्रो मण्डलीको निम्ति समर्पणताको निम्ति हामीसँग समय हुनेछैन । हामी पूर्णरूपमा परमेश्वरको इच्छा वा परमेश्वरको उद्देश्यभन्दा बाहिर हुनेछौं । यो छनोट गर्ने समय हो ।

चौबाटोमा उभिरहेको, अन्योलमा परेको र मनमा केही नभएको व्यक्ति तपाई पनि हुन सक्नुहुन्छ । तपाई सबै दिशाहरूतिर तानिएको महसुस गर्नुहुन्छ, जसले गर्दा छनोट गर्न सक्षम हुनुभएको छैन । आफैंलाई येशूको हातमा समर्पित गर्नुहोस्, जो तपाईंको निम्ति क्रूसमा मर्नुभयो, हाम्रा सम्पूर्ण पीडा, चिन्ताहरू, असफलताहरू, श्रापहरू र दण्डहरू भोग्नुभयो । उहाँले हाम्रा मार्गहरू सीधा र स्पष्ट बनाउन सक्नुहुन्छ ।

अथवा तपाईंले भन्न सक्नुहुन्छ, "तपाईंलाई थाहा छ, मेरो बाल्यकालदेखि नै मैले परमप्रभुको सेवा गरेको छु । मलाई के भइरहेको छ हेर्नुहोस्, म यसको योग्यको छैन । म परमेश्वरको नजिक आउन चाहन्नँ, नजिक रहेर चोट पाउनुभन्दा बरु म उहाँबाट टाढै रहन्छु । हामी संसार र परमेश्वर चाहन्छौं । म उहाँलाई टाढैबाट पछ्याउन चाहन्छु ।"

टाढैबाट !

येशूलाई टाढैबाट पछ्याउने मानिसको बारेमा बाइबलले बताउँछ र त्यसपछि भएका




*Peter followed him at a distance*

घटनाहरूलाई स्पष्ट पार्छ । येशू खीष्टलाई टाढैबाट पछ्याउने कार्य जोखिमपूर्ण कार्य हो । तपाईंले चाँडैं नै आफूलाई आफ्नो विश्वासलाई धोका दिँदै परमेश्वरबाट टाढा जाँदै गरेको बाटोमा पहिले नै हुनुभएको थाहा पाउनुहुनेछ । येशूलाई टाढैबाट पछ्याउने व्यक्ति को हो भनेर के तपाईंले अनुमान गर्न सक्नुहुन्छ ? हो, पत्रुस ! **तर पत्रुसले उहाँलाई टाढैबाट पछ्याए...** (मत्ती २६:५८) ।

टाढैबाट येशू खीष्टलाई पछ्याउनु भनेको असफलताको लागि तयारी गर्नु हो । तपाईंले येशू खीष्टलाई टाढैबाट पछ्याइरहनुभएको छ भने तपाईंले निर्णय गर्नुपर्छ किनभने तपाईं चौबाटोमा हुनुहुन्छ । येशू खीष्टले भनिरहनुभएको छ, "म तिमीलाई खोजिरहेको छु ।"

तपाई जहाँ गए पनि उहाँले तपाईंलाई भेट्टाउनुहुनेछ !

## २. फुकाउँछौ !



जब चेलाहरू गधा खोज्नलाई निस्किए, तिनीहरूले त्यो चौबाटोमा खडा भइरहेको तर बाँधिएको अवस्थामा भेटे !

हाम्रो परमेश्वर दयालु परमेश्वर हुनुहुन्छ, उहाँको कोहीमाथि पनि कहिल्यै दबाब दिनुहुन्न । हाम्रो निम्ति उहाँको प्रेम यति धेरै छ कि उहाँ उडन्त पुत्रको बुवाजस्तै पर्खनुहुनेछ, जसले उसको पुनरागमनको लागि हरेक दिन उसलाई पर्खिएका थिए ।

प्रिय दाजुभाइ तथा दिदीबहिनीहरू, परमेश्वरले तपाईंलाई फुकाउन चाहनुहुन्छ ! तपाईं के कुरासँग बाँधिनुभएको छ ?

हामीमध्ये केही फुक्का गरिएको चाहँदैनौं किनभने हाम्रा मन र हृदय एकअर्कासँग बाझिन्छन् । हामीले भन्छौं, "प्रभु, तपाईंको इच्छा पूरा होस्," तर त्यसपछि हामीले भन्छौं, "प्रभु मेरो हृदयका चाहनाहरू पूरा गरिदिनुहोस् ।" यही बाझिएको कुराले हाम्रो खीष्टियान हिँडाइमा अघि बढ्न हामीलाई रोक्दछ । परमेश्वरले हाम्रो निम्ति योजना गर्नुभएको थोकतिर हामी अघि बढेको उहाँ चाहनुहुन्छ तर हामी आफ्नै चाहनाहरूबाट

*....Contd. to page 6*

**RESIDENTIAL BIBLE COURSE**
**NEHEMIAH BIBLE COLLEGE, Chennai.**

ECHO OF HIS CALL 1969-2019 GOLDEN JUBILEE
REACHING NATIONS

Medium : Hindi

Recognised by International Christian Leaders & Senior Pastors for the past 54 years

Rush for Admission!

Certificate in Ministry
Diploma in Theology

Qualification : 10th Standard & above

Contact : The Chairman, Nehemiah Bible College.
10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA.
Phone : (+91-44) 2852 8282, Cell : (+91) 98410 71852 / 95661 31858
E.mail : sam@echoofhiscall.org / Website : www.echoofhiscall.org

✶ ONLINE CLASSES ARE AVAILABLE ✶

ECHO OF HIS CALL MINISTRIES
SINCE 1969

# महान् आज्ञा सहयोगीहरु

## बाँड्न (गलाती ६:२), सहायता (रोमी १२:१३ र गति बढाउन (२ तिमोथी १:६)

**PRAISE & PRAYER POINTS - From une 19 To ul 18, 2024**

(कृपया यो पृष्ठ निकालेर आफ्नो बाइबलमा राख्नुहोस् र निरन्तर प्रार्थना गर्नुहोस्)

## परमेश्‍वरलाई प्रशंसा गरौं...

**जून १९:** १९६९ देखि पत्रिका सेवकाइमा हाम्रो समर्पणतामा उहाँको आशिष्को निम्ति ।

**जून २०:** आवासीय र साँझको नहेम्याह बाइबल कलेजको निम्ति विद्यार्थीहरूलाई सर्म्पक गर्नमा हाम्रो प्रयासमा आशिष्को निम्ति ।

**जून २१:** १ जून २०२४ मा आयोजना भएको हाम्रो नहेम्याह बाइबल कलेजको दीक्षान्त समारोहलाई अचम्म तरिकामा आशिष् दिनुभएको निम्ति ।

**जून २२:** शैक्षिक सत्र २०२३-२४ सफलतापूर्वक पूरा गर्न हाम्रो आवासीय र साँझको नहेम्याह बाइबल कलेज र सेन्ट पावलस् मेट्रिकुलेसन स्कुललाई आशिष् दिनुभएको निम्ति ।

**जून २३:** तामिल, तेलगू, अंग्रेजी र हिन्दी भाषाहरूमा भएका हाम्रो Echo of His Call यूट्यूब सन्देशहरूलाई आशिष् दिनुभएको निम्ति ।

**जून २४:** हाम्रो मुख्य मण्डली र शाखा मण्डलीहरूले संचालन गरेको भेकेसन बाइबल स्कुलमा आशिष्को निम्ति ।

**जून २५:** हाम्रा प्रार्थनाका साझेदारहरू, ग्राहकवर्गहरू, विश्‍वासका साझेदारहरू, जीवनका साझेदारहरू र महान् आज्ञाका साझेदारहरू र उहाँहरूका परिवारहरूमाथि फैलाउनुभएको उहाँको कृपालु अंगालोको निम्ति ।

**जून २६:** हाम्रो ग्लोबल भिजन फर युथ एण्ड किड केयर सेवकाइप्रति उहाँको आशिष्को निम्ति, विशेष गरी हरेक दिन राति १० बजे विश्‍वभरि रहेका युवा र बालबालिकाको निम्ति प्रार्थनाको लागि ।

**जून: २७:** अहिलेसम्म संस्था संचालन गर्ने हाम्रा प्रयास फलदायी बनाइदिनुभएको निम्ति ।

**जून २८:** हाम्रा शुभचिन्तकहरूका प्रार्थना र आर्थिक सहायताहरूका निम्ति ।

**जून २९:** १३ मई २०२४ मा आयोजना भएको हाम्रो नहेम्याह बाइबल कलेज अलुमिनि समारोहमा आशिष् दिनुभएको निम्ति ।

**जून ३०:** हाम्रो सिनियर पास्टर र उहाँका परिवारका सदस्यहरूलाई सम्पूर्ण तरिकाका दुष्ट शक्तिहरूबाट सुरक्षाको निम्ति ।

**जूलाइ १:** समर्पित सहसम्पादकहरूका साथमा हाम्रो सेवकाइलाई आशिष् दिनुभएको निम्ति, जसले बोलावटको प्रतिध्वनि पत्रिका सेवकाइलाई सहायता गर्नुहुन्छ ।

**जूलाइ २:** सेन्ट पावलस् मेट्रिकुलेसन स्कुल, नहेम्याह बाइबल कलेज र बाइबल पत्राचार कोर्सहरूमा उहाँको आशिष्को निम्ति ।

**जूलाइ ३:** हाम्रो बोलावटको प्रतिध्वनि सेवकाइहरूका कर्मचारी र उहाँहरूका परिवारहरूको सुरक्षाको निम्ति ।

## कृपया प्रार्थना गरौं...

**जूलाइ ४:** हाम्रो बोलावटको प्रतिध्वनि सेवकाइहरूमा अझ धेरै समर्पित कर्मचारीहरू परमेश्‍वरले दिनुभएको होस् ।

**जूलाइ ५:** संसारभरि संचालन भएको भेकेसन बाइबल स्कुलका कक्षाहरूबाट बचाइएका बालबालिकाहरू र युवाहरूका निम्ति ।

**जूलाइ ६:** शैक्षिक सत्र २०२४-२५ को निम्ति हाम्रो आवासीय र साँझको नहेम्याह बाइबल कलेजको निम्ति योग्य विद्यार्थीहरूको भर्नाको निम्ति ।

**जूलाइ ७:** शैक्षिक सत्र २०२४-२५ को निम्ति हाम्रो सेन्ट पावलस् मेट्रिकुलेसन स्कुलको निम्ति नयाँ विद्यार्थीहरूको भर्नाको निम्ति ।

**जूलाइ ८:** सुसमाचार नपुगेका जातिहरूका बीचमा दुर्गम क्षेत्रहरूमा सुसमाचार फैलाइरहेका मिसनरीहरूको ईश्‍वरीय सुरक्षाको निम्ति ।

**जूलाइ ९:** हाम्रा कार्यालयका कर्मचारी र छापाखानाको कर्मचारीहरूको स्वास्थ्यको निम्ति ।

**जूलाइ १०:** यो महिनाको हाम्रा आवश्यकताहरू परमेश्‍वरले पूरा गर्नुभएको होस् ।

**जूलाइ ११:** गरिब मानिसहरूको आर्थिक उन्नतिको निम्ति ।

**जूलाइ १२:** परमेश्‍वरको भय मान्ने अगुवाहरू सबै देशहरूमा दिएर परमेश्‍वरले आशिष् दिनुभएको होस् ।

**जूलाइ १३:** भारतका सुसमाचार नपुगेका जातिहरूका बीचमा पुग्न हामीलाई सक्षम बनाउनुभएको होस् ।

**जूलाइ १४:** सारा संसारभरि शान्ति छाएको होस् ।

**जूलाइ १५:** आफ्नो जीवनी लेख्नमा हाम्रो सिनियर पास्टरको सफलताको निम्ति ।


**जूलाइ १६:** हाम्रो सेवकाइको विस्तार र संसारभरि सुसमाचारको फैलावटको लागि ।

**जूलाइ १७:** सबै प्रकारका दुष्ट शक्तिहरूबाट हाम्रो सिनियर पास्टर एस. साम सेल्भाराज र उहाँका परिवारका सदस्यहरूको सुरक्षाको निम्ति ।

**जूलाइ १८:** संसारभरि रहेका मिसनरीहरूमाथि ईश्‍वरीय सुरक्षाको निम्ति ।

पृष्ठ ४ बाट

तपाईं परमप्रभुको सेवा गर्न र उहाँलाई प्रसन्न पार्ने जीवन जिउन चाहनुहुन्छ तर तपाईं बाँधिनुभएको छ, चल्न नसक्ने गरी । तोडिएको मनको अवस्था, चूर्ण भएको अनुभव केवल परमेश्वरलाई मात्रै तपाईंको हृदय थाहा छ । मानिसहरूले केवल तपाईंको मुस्कान देख्छन्, तपाईंले रातको अन्धकारमा बगाउनुभएको आँसु कसैलाई पनि थाहा छैन ।



*God knows your tears!*

परमेश्वरले तपाईंलाई बाँध्ने बन्धनहरू, तपाईंको प्रगतिमा बाधा दिने अवरोधहरूबाट तपाईंलाई स्वतन्त्र पार्न चाहनुहुन्छ । येशू ख्रीष्टतिर फर्कनुहोस्, उहाँले सक्रिय रूपमा बन्धनबाट मानिसहरूलाई छुटाउनुहुन्छ । यो तपाईंको समय हो, तपाईंलाई बाँध्ने कुराहरूलाई फुकाइदिन प्रभुलाई बताउनुहोस् । छुटकारा र विकासको खोजी गर्नुहोस्, तपाईंको यात्रालाई हानि गर्ने चक्रहरूलाई तोडेर स्वतन्त्र बन्नुहोस् ।

## बालाम र बालक !

गन्तीको पुस्तक २२ अध्यायले अगमवक्ता बालामको कथा बताउँछ । तिनीसँग आशिष् दिने र श्राप दिने शक्ति थियो भनेर बाइबलले भन्दछ, त्यसैले मोआबका राजाले बालामलाई इस्राएलीहरूलाई श्राप दिन तीन पटक अनुरोध गरे । सुरुवातदेखि नै त्यो परमेश्वरको इच्छा थिएन भनेर तिनलाई थाहा थियो । तापनि, जसरी चौबाटोमा गधा बाँधिएको थियो- त्यसरी नै ऊ पनि पैसा, ख्याति, सम्पत्ति, शक्ति, अधिकार



***King of Moab requested Balaam to curse the Israelites.***


र ध्यानमा बाँधिएको थियो । परमेश्वरले के चाहनुहुन्छ र उसको चाहनाले के चाहन्छ भन्ने कुरा वछ्याउने बीचमा ऊ च्यातिएको थियो ।

प्रिय मित्रहरू, तपाईं पनि बालामजस्तै चौबाटोमा निरन्तर रहनुहुन्छ भने त्यो सुखदायी यात्रा हुनेछैन । परमप्रभुको दूत तिनको विरुद्धमा हानिको रूपमा मार्गमा तिनको अघि खडा भए ।

"तिनलाई विरोध गर्न परमेश्वर बाटोमा खडा हुनुभयो ।" तपाईंले आजै आफ्ना मार्गहरू परिवर्तन गर्नुभएन भने उहाँ तपाईंको विरुद्धमा तरवारसहित खडा हुनुहुनेछ ।

परमेश्वरको चाहना तपाईंलाई फुकाउनु हो तर प्रश्न एउटै छ, के तपाईं फुकाइएको चाहनुहुन्छ ?

## ३. ल्याउँछौ !



तपाईंलाई फुकाउनलाई तपाईंको निम्ति परमेश्वरले पर्खनुहुन्छ ताकि उहाँले तपाईंलाई फर्काएर ल्याउन सक्नुभएको होस् ।

जब परमेश्वरले तपाईंलाई फर्काएर ल्याउन चाहनुहुन्छ, तपाईं सबैभन्दा पहिले सन्त बन्नुपर्छ र त्यसपछि उहाँकहाँ आउनुपर्छ भनेर चाहनुहुन्न । तपाईंजस्तो हुनुहुन्छ, आफ्नो झोला, पीडा, निरासा, रिस, तनाव, पराजय र एक्लोपनाको साथमा आउनुहोस् ।

*....Contd. to page 8*


# NEHEMIAH BIBLE EVENING COLLEGE

**Chepauk & Santhoshapuram, Chennai.**

ECHO OF HIS CALL 1968-2018 REACHING NATIONS

**Medium :Tamil**

**Rush for admission!**

**Recognised by International Christian Leaders & Senior Pastors for the past 54 years**

**Certificate in Ministry**
**Diploma in Theology**

**Qualification : 10th Standard & above**

**Contact : The Chairman, Nehemiah Bible College.**

10, MOHAMMED ABDULLAH 2ND STREET, BELLS ROAD, CHEPAUK, CHENNAI - 600 005, INDIA.
Phone : (+91-44) 2852 8282, Cell : (+91) 98410 71852 / 95661 31858
E.mail : sam@echoofhiscall.org / Website : www.echoofhiscall.org

## MAIN CHURCH PROGRAMMES

1. Prayer Service : 24 hours
2. **ECHO OF HIS CALL** - Monthly Magazines :English, Tamil, Malayalam, Telugu, Hindi, Kannada, Marathi, Gujarati, Bengali, Odiya, Nepali, Assamese, Punjabi, Urdu, Sinhala & Afrikan.
3. **BIBLECOR** - Basic Bible Courses (English, Tamil & Hindi)
4. Theological Correspondence Courses: English & Tamil
5. Nehemiah Bible Colleges (Chepauk, Santhoshapuram & Velachery)
6. Great Commission Partners (Network of Pastors)
7. Training Programmes – Seminars & Retreats
8. Crusades
9. Literature Distribution and Follow Up
10. Gospel Printing Press - Publications
11. St. Paul's Matriculation School - Village English High School
12. Sunday Schools (Chepauk) : 10.30 a.m. Sunday & (Velachery, Balaji Nagar & Santhoshapuram) 3.00 p.m. Sunday
13. **Early Morning Service : 5.30 a.m. Sunday**
14. **Preliminy Service : 8.00 a.m. Sunday**
15. **Tamil Service : 8.30 a.m. Sunday**
16. **Youth Meeting : 11.00 a.m. Sunday**
17. **Fellowship Lunch : 1.00 p.m. Sunday**
18. **Hindi Service : 4.00 p.m. Sunday**
19. **Telugu Service : 5.00 p.m. Sunday**
20. **English & Hindi Service : 6.00 p.m. Sunday**
21. Feedback Time : 7.30 p.m. Sunday
22. Women's Prayer : 5.30 p.m. Wednesday
23. Men's Prayer : 7.00 p.m. Friday
24. Discipleship Meeting : 6.00 p.m. Saturday
25. House Meetings : 6.30 p.m. Tuesday & Thursday
26. Special Holy Communion : 6.00 a.m. 1st day of each month
27. Ministers' Meeting : 6.00 p.m. First Saturday
28. Parents' Prayer : 4.00 p.m. First Sunday
29. Night Prayer : 9.30 p.m. Third Friday
30. Fasting Prayer : 9:30 a.m. Second Saturday
31. Holy Communion : Second Sunday Services
32. Youth / Kid Prayer : 10.00 p.m. daily (over phone)
33. Staff Devotion : 9.00 a.m. daily
34. Office : 9.00 a.m. to 9.00 p.m. (except Sundays)

## बोलावटको प्रतिध्वनि पत्राचार कोर्स भारतमा भएकाहरुलाई मात्र

### १. बाइबलकोर

बाइबलको आधारभूत सत्यतामा नयाँ खीष्टियानहरू र गैहूखीष्टियानहरूलाई अङ्ग्रेजी, हिन्दी र तामिल भाषामा हामीले पत्राचार कोर्स प्रस्तुत गर्छौं। तपाईंले **नयाँ जीवन – तपाईंको लागि** भन्ने शीर्षक भएको ७० पृष्ठको कोर्सको किताब पाउनुहुनेछ। तपाईंले यो कोर्स पूरा गरेपछि तपाईंलाई प्रमाणपत्र दिइनेछ। **कुनै पनि अनिवार्य शुल्कहरू यसमा लाग्नेछैन**। यो कोर्स भारतमा हुनुभएको व्यक्तिको लागि मात्र हुनेछ।

### २. ईश्वरशास्त्रीय पत्राचार कोर्स

पास्टरहरू, सुसमाचार प्रचारकहरू र खीष्टियान अगुवाहरूका लागि ईश्वरशास्त्रीय पत्राचार कोर्स भनिने आधुनिक पत्राचार शिक्षा पनि उपलब्ध छ। यसको लागि शुल्क रु. १,०००/– लाग्नेछ। १४२ पाठहरू भएको ७ वटा पुस्तकहरू उपलब्ध गराइनेछ। तपाईंले **सेवकाइमा प्रमाणपत्र** पाउनुहुनेछ।

**बिस्तृत जानकारीको लागिः**

**The Chairman, Nehemiah Bible College,**
Echo of His Call, Post Box 2957
CHEPAUK, CHENNAI - 600 005.
Ph.: (044) 2852 8282, 2852 9293, 2854 7766,
Cell : 98410 71852, 95661 31858
E.mail : biblecor@yahoo.co.in

## निःशुल्क मासिक पत्रिका बोलावटको प्रतिध्वनि प्राप्त गर्ने राम्रो अवसर

तपाईले आफ्ना साथीहरु / आफन्तहरुका ठेगानाहरु हुलाक, पत्र, इमेल, ह्वाटसएप वा फोनबाट हामीलाई पठाउन सक्नुहुन्छ भने हामीले निःशुल्क **बोलावटको प्रतिध्वनि** मासिक पत्रिका पठाउनेछौं।

## कर छुट

भारतबाट कुनै पनि व्यक्ति वा संस्थाबाट **Echo of his Call Educational Trust** लाई आउने सहयोग चन्दाहरूमा आयकर ऐनको खण्ड ८० जी अन्तर्गत आयकरको छुट छ। यस उद्देश्यको लागि आधिकारिक रसिद जारी गरिनेछ। कृपया यस्ता सहयोग चन्दाका लागि तपाईंका डिमाण्ड ड्राफ्टहरू/चेकहरू/मनी अर्डरहरू **Echo of his Call Educational Trust** को नाउँमा लेख्न हुन र आयकर छुट पाउनको लागि तपाईंको आधारकार्ड र प्यान पनि हामीलाई पठाउनुहोला।

| | | |
|---|---|---|
| **Account Name** | : | **ECHO OF HIS CALL EDUCATIONAL TRUST** |
| **Account Number** | : | **1023 2923 805** |
| **Bank Name** | : | **STATE BANK OF INDIA** |
| **Branch** | : | **TRIPLICANE, CHENNAI - 600 005** |
| **IFSC Code** | : | **SBIN 0000249** |
| **SWIFT Code** | : | **SBI NIN BB 455** |



# खाडलबाट दरबार

(पास्टर एस. साम सेल्भाराजको जीवनका अनुभवहरू)

"जसले पढ्छ, त्यसले बुझोस्" (मत्ती २४:१५)।

## येशू ख्रीष्ट ! आश्चर्यकर्म गर्ने ! JESUS CHRIST! – MIRACLE WORKER!

**"कसैले मेरो सेवा गर्छ भने... पिताले त्यसको कदर गर्नुहुनेछ" (यूहन्ना १२:२६)।**

विभिन्न अवसरहरूमा परमेश्वरले मद्वारा महान् कार्यहरू गर्नुभयो। मुख्यालयहरूमा र साथै बाहिरी स्थानहरूमा सेवकाइमा आश्चर्यकर्महरू र चमत्कारहरू गर्नुभएर परमेश्वरले मेरो कदर गर्नुभयो। यही माध्यमबाट यो सेवकाइको सुगन्ध संसारको विभिन्न भागहरूमा फैलिएको हो। परमेश्वरको नाउँ महिमित भएको होस्।

एक पटक म अस्ट्रेलियामा भएको सिड्नी, मेलबर्न र ब्रिजबेनमा सेवकाइ गरिरहेको थिएँ, जहाँ धेरै मानिसहरूले परमेश्वरको महिमित छुवाइ महसुस गरेका थिए।

एक दिन एक अस्ट्रेलियाली जोडी मलाई भेट्न घरमा आए, जहाँ म बसिरहेको थिएँ। तिनीहरूले आँसु बगाउँदै मलाई बताए कि तिनीहरूले विवाह गरेको १३ वर्ष भइसके पनि तिनीहरूको कुनै बच्चा भएको थिएन। तिनीहरूले शान्तिपूर्वक सम्बन्धविच्छेदको निम्ति निवेदन दिन लागिरहेका थिए भनेर पनि तिनीहरूले मलाई बताए। तिनीहरूले यसैको निम्ति प्रार्थना गरिदिन मलाई आग्रह गरे (तिनीहरूको देशमा सम्बन्धविच्छेद अत्यन्तै सामान्य हुन्छ।)

मलाई नराम्रो महसुस भयो। त्यसैले, परमेश्वरले तपाईंहरूलाई बच्चा दिनुहुनेछ भनेर मैले प्रार्थना गर्न सक्छु कि भनेर मैले सोधें। तिनीहरू ममाथि हाँसे र तिनीहरू धेरै प्रख्यात डाक्टरहरूकहाँ गएका थिए र तिनीहरूले केही पनि गर्न सकेका थिएनन् भनेर मलाई बताए। तिनीहरूले मलाई प्रश्न गरे, "प्रार्थनाले कसरी बच्चा ल्याउन सक्छ?" त्यसैले, म तिनीहरूसँग बसें, विश्वास र त्यसको परिणामा र परमेश्वरको शक्तिको बारेमा तिनीहरूलाई परामर्श दिएँ। त्यसपछि, मैले तिनीहरूका निम्ति आत्मामा इमानदारीपूर्वक प्रार्थना गरें।

परमेश्वरलाई प्रशंसा भएको होस्! करिब दुई महिनापछि, म अस्ट्रेलिया छोडेर भारत फर्किँदै थिएँ। जब म विमानस्थलमा पुगें, तब सोही जोडीले मेरो निम्ति ठूलो उपहारको पोको ल्याइरहेको मैले देखें। तिनीहरू विमानस्थलमै करिब दश मिनेट चिच्याएको र रोको देखेर म छक्क परेको थिएँ। पूरै भीडले त्यो हेरिरहेको थियो।



*God granted three children and blessed them.*

अन्त्यमा, पतिले मलाई बताए कि तिनकी पत्नीले गर्भधारण गरेकी छिन् र त्यही दिनमा डाक्टरहरूले निश्चित गरेका थिए। तिनीहरू धेरै खुसी थिए र उपहारको पोकोमा तिनीहरूले धेरै लुगाहरू र मेरो सेवकाइको निम्ति उपयोगी थोकहरू राखेका थिए। परमेश्वरले तिनीहरूलाई छोरी दिनुभयो र पछि, उहाँले थप दुई छोराहरू दिनुभयो र तिनीहरूलाई आशिष् दिनुभयो।

प्रिय मित्रहरू, तपाईंको जीवनमा पनि सोही आश्चर्यकर्म गर्न परमेश्वर सक्षम हुनुहुन्छ। परमेश्वरमा विश्वास गर्नुहोस् र उहाँसँग विश्वासमा माग्नुहोस्। उहाँले तपाईंका सबै आवश्यकताहरू प्रदान गर्नुहुनेछ।

मैले प्रचार गर्ने परमप्रभु र मुक्तिदाता येशू ख्रीष्ट बच्चाहीनलाई बच्चा प्रदान गर्न सक्ने, बिरामी शरीरलाई निको पार्न र अनय आशिष् दिन सक्ने हुनुहुन्छ। उहाँ हिजो, आज र सधैं एकै हुनुहुन्छ। परमेश्वरलाई महिमा भएको होस्!

*******

*पृष्ठ ६ बाट*

येशू ख्रीष्टले तपाईंका संघर्षहरू बुझ्नुहुन्छ। उहाँको जीवनको अन्तिम घडीमा उहाँ मानिसहरूका भीडले प्रायः घेरिए पनि उहाँले गेत्समनीको बगैंचामा अत्याधिक एक्लोपना महसुस गर्नुभयो। तपाईंसँग सम्पत्ति, प्रभाव र ख्याति हुन सक्छ तापनि अझै एक्लोपनासँग संघर्ष गर्नुहुन्छ। परमेश्वर एक्लोपनाको गहिराइ बुझ्नुहुन्छ, आदमको एक्लोपनालाई पूरा गर्न उहाँले हव्वालाई सृष्टि गर्नुभयो। तापनि, हामीमध्ये धेरै जना एक्लोपना र चूर्णपनाको अवर्णनीय पीडाको साथमा सन्तुष्ट हुन्छौं।

परमेश्वरले तपाईंलाई खोजी गरिरहनुभएको छ, उहाँले तपाईंलाई फुकाउन चाहनुहुन्छ ताकि उहाँले तपाईंलाई उहाँकहाँ ल्याउनुभएको होस्।

तपाईं तोडिएको, अपमानित गरिएको, पराजित भएको हुन सक्नुहुन्छ तर परमेश्वरले तपाईंलाई आज फुकाउन चाहनुहुन्छ।

- **चूर्ण हृदय भएकाहरू सबैका नजिक परमप्रभु हुनुहुन्छ र निरास भएकाहरूलाई उहाँले बचाउनुहुन्छ** (भजनसंग्रह ३४:१८)।



• **उहाँले टुक्रिएको हृदय भएकाहरूलाई निको पार्नुहुन्छ र तिनीहरूका चोटहरूमा पट्टी बाँधिदिनुहुन्छ** (भजनसंग्रह १४७:३) ।

• **म उच्च र पवित्र ठाउँमा बस्दछु, विनम्रको आत्मा जागृत गराउन र पश्चात्तापीको हृदय जागृत गराउन, त्यससँग पनि बस्दछु, जो आत्मामा पश्चात्तापी र विनम्र छ** (यशैया ५७:१५) ।

चूर्णता परमेश्वरको निम्ति केही नयाँ निर्माण गर्नको निम्ति योग्यता हो ।

तपाईं पाप, नराम्रा बानीहरू, रोग, आर्थिक कठिनाइ, पुस्तैनी श्रापहरू वा परम्पराहरूसँग बाँधिएको हुन सक्छ तर परमेश्वर तपाईंलाई फुकाउने चाहना गर्नुहुन्छ किनभने उहाँले



तपाईंलाई प्रेम गर्नुहुन्छ र तपाईंलाई फिर्ता ल्याउन चाहनुहुन्छ। तपाईं परमेश्वरबाट टाढा भागिरहनुभएको जस्तो तपाईंले महसुस गर्नुहुन्छ भने याद राख्नुहोस्, उहाँले भन्नुहुन्छ, “म तिमीलाई फिर्ता भएको चाहन्छु ।” के तपाईं उहाँकहाँ फर्कनुहुनेछ ?

परमेश्वर तपाईंको विगतको बारेमा चासो राख्नुहुन्न । राहाब, मत्ती, जखाएस, सबैको कठिन विगत थियो तर तिनीहरूको विगतले तिनीहरूको वर्तमान वा भविष्य निर्धारण गरेको थिएन । परमेश्वरले तपाईंको चाहना गर्नुहुन्छ ! परमेश्वरले तपाईंलाई फुकाएको के तपाईंले चाहना गर्नुहुन्छ ?

धेरै जना चौबाटोमा उभिरहेका छन्, आजै उहाँमा समर्पित गर्ने मन बनाउनुहोस् ।

तपाईंले समर्पण गर्न इन्कार गर्नुहुन्छ भने परमेश्वरले तपाईंलाई जान दिनुहुनेछ तर तपाईंले त्यसको परिणाम भोग्नुपर्नेहुनेछ ।

याद राख्नुहोस्, परमप्रभुलाई तपाईंको खाँचो छ !

**भजनसंग्रह १०३:२१-२२**

हे स्वर्गका सबै सेना हो, उहाँको इच्छाअनुसार काम गर्ने सेवक हो, परमप्रभुको प्रशंसा गर ।
हे उहाँका सारा सृष्टि हो, उहाँका समस्त राज्यमा रहेका हो, परमप्रभुको प्रशंसा गर ।
ए मेरो प्राण, परमप्रभुको प्रशंसा गर् !


## चाहियो

**बोलावटको प्रतिध्वनिको नहेम्याह बाइबल कलेज, चेन्नाइ**

* HINDI LANGUAGE *

**डिन (आवासीय):**

एम.डिभ. वा एम.टिएच. डिग्री भएको हिन्दी ईश्वरशास्त्री र अनुभवी, बोर्डिङ, बसोबास र तलब प्रदान गरिनेछ

योग्य उम्मेद्वारले बायोडाटा पठाउन सक्नुहुन्छ:

इमेल: sam@echoofhiscall.org

WhatsApp: (+91) 98410 71858

## सेन्ट पावलस् मेट्रिकुलेसन स्कुल,

**मेदाभाक्काम, चेन्नाइ - १००**

*बोलावटको प्रतिध्वनि इन्स्टिच्यूट*

- अनुभवी शिक्षकहरू
- राम्रो कोचिङ
- खेलेर पढाउने तरिका
- धेरै खेल्ने सामाग्रीहरू
- चित्र बनाउने र रङ भर्ने
- गीतहरू, नाचहरू र सांस्कृतिक क्रियाकलापहरू
- अंग्रेजी बोलिने
- सामान्य शुल्क
- एयरकन्डिसन भएका कक्षाकोठाहरू

**भर्ना खुल्यो !**
**प्रि.के.जी.देखि कक्षा दशसम्म**

**आजै भर्ना गर्नुहोस्**

**आवेदन दिन स्कुलको कार्यालयमा भ्रमण गर्नुहोस्**
**वा हामीलाई सम्पर्क गर्नुहोस्: फोन ९६३ ९६३ १२९५, ०४४-२२७८ ०५७४**


## कृपया ध्यान दिनुहोस् !

### पास्टर एस. साम सेल्भाराजको जीवनी !

पास्टर एस. साम सेल्भाराजको जीवनी पुस्तकको ढाँचामा प्रकाशन गर्न हामी अन्तिम चरणमा छौं । उहाँको सेवकाइबाट परमेश्वरले तपाईंको आत्मिक वृद्धिमा कसरी प्रभाव पार्नुभयो भनेर करिब दश वाक्यमा लेखेर तपाईंका गवाहीहरू पठाइदिनुहन हामी अनुरोध गर्दछौं । यसका अतिरिक्त, जीवनीमा समावेश गर्नको लागि तपाईंले फोटो उपलब्ध गर्न सक्नुहुन्छ भने हामी त्यसको कदर गर्दछौं ।

RNI NO. TNNEP/2000/2841, Postal Regn. No. TN/CH/(C)/194/24-26 WPP NO. TN/PMG(CCR)/WPP-220/24-26

## बोलावटको प्रतिध्वनि

**यूट्यूब**

जब तपाईंको समय हुन्छ कृपया हाम्रो Echo of His Call You Tube च्यानल हेर्नुहोला र सस्क्राइब गरिदिनुहोला । – सम्पादक

## OUR BANK DETAILS:

**1. Bank : State Bank of India**

Branch : **Triplicane, Chennai-5**
Name : **S. Sam Selva Raj**
A/C No. : **1023 2934 679**
IFSC : **SBIN 00 00 249**
SWIFT CODE : **SBI NIN BB 455**

**2. Bank : ICICI Bank**

Branch : **Anna Salai, Chennai-6**
Name : **Echo of His Call**
A/C No. : **6038 0502 2319**
IFSC : **ICIC 000 6038**

**3. Bank : State Bank of India**
**(This Account is for Tax Exemption for Indians only )**

Branch : **Triplicane, Chennai-5**
Name : **Echo of His Call Educational Trust**
A/C No. : **1023 2923 805**
IFSC : **SBIN 00 00 249**

**Google Pay: 98410 71858**
**PayPal : SAM SELVA RAJ**
*****
**E.mail : sam@echoofhiscall.org**

# ECHO OF HIS CALL

Monthly magazines in 16 languages, Bible Colleges, Postal Courses, Church Planting, Village English High School, Gospel Printing Press, Crusades, Seminars, Social Services, etc.

Annual Subscription : Rs. 100/- Life Subscription : Rs. 2000/-

The multifarious activities of **Echo of His Call Ministries** are supported by the free-will offerings and donations of God's children like you. You may support **Echo of His Call** and its activities as the Lord leads you. We need your help to send forth the Gospel to the unreached people and plant Churches.

If you would like to receive **ECHO OF HIS CALL** magazines regularly, please write to us with your e.mail Id and Cell Phone number. Whenever you change your postal or e.mail addresses, please do inform us your old and new addresses.

**Echo of His Call** is available in 16 languages in our website also. You can read them by going into the site as well as downloading them and get blessed.

Your letters, prayer requests and your financial helps (**Money Orders, Cheques or Demand Drafts, NEFT, PayPal (Sam Selva Raj, sam@echoofhiscall.org) PhonePe (98410 71858), Gpay (98410 71858), Western Union, MoneyGram, etc.**) to **ECHO OF HIS CALL** may please be sent to the address below.

Please send your **Land Phone / Mobile Phone Numbers and E.mail addresses** for updation.

Our address :

**ECHO OF HIS CALL**
10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA
PH: (+91-44) 2852 8282, 2852 9293, 2854 7766/ Cell: (+91) 98410 71852, 95661 31858 / E.mails: sam@echoofhiscall.org / biblecor@yahoo.co.in
Websites: www.echoofhiscall.org / www.stpaulsmatriculation.com

**YOU CAN SEND YOUR DONATION ONLINE ALSO**

**RNI NO. TNNEP/2000/2841**
**Postal Regn. No. TN/CH/(C)/194/24-26**
**WPP NO. TN/PMG(CCR) / WPP- 220/24-26**
**Date of Publication: Third week of every month**
**Date of Posting : 15th & 16th of every month**
**Posted at "Egmore RMS / 1 Patrika Channel"**
**on 15th JUNE 2024**
**If un-delivered please return to:**
**ECHO OF HIS CALL (NEPALI)**
**P.O. Box No. 2957,**
**Chepauk, Chennai - 600 005, INDIA.**
**Phone: (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766**

**JESUS LOVES YOU!**

To

*GOD BLESS YOU!*

Owned and published by **S. Sam Selva Raj** from New No. 8 & 10, Old No.18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005 and printed by **S. Sam Selva Raj** at **Echo of His Call Printers,** New No. 8 & 10, Old No.18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005. Editor: **S. Sam Selva Raj.**